# काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड
## त्रिपूरेश्वर, काठमाडौं
## आन्तरिक प्रतियोगिता, खुला र समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/४/१) पुन: प्रकाशित मिति २०८१/४/२४

(प्रथम पटक कम्पनीको Website मा प्रकाशित मिति २०८०/३/३१) पुन: Website मा प्रकाशित मिति २०८१/४/२४

"काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड कर्मचारी प्रशासन विनयमावली, २०६४ को विनियम ११ मा पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार अन्तर्गतका कानूनी व्यवस्थाको पूर्ण परिपालना गरी लोकसेवा आयोगको नि.नं. २५१ मिति २०८०/०३/२८ मा प्रदान गरिएको सहमतिलाई आधार मानी तत् समयमा उम्मेदवार हुन योग्य रहेका व्यक्तिहरु सहभागी हुन पाउने गरी दरखास्त लिने गरी सूचना प्रकाशन गर्ने समेतका कार्य प्रकृया अघि बढाई आयोगको सो मितिको निर्णय कार्यान्वयन गर्ने गराउने" खानेपानी मन्त्रालयको मिति २०८१/०४/२३ को च.नं. ६५ पत्रानुसार राय प्राप्त भएकोले सोहि बमोजिम पदपूर्ति समितिको मिति २०८१/४/२३ को निर्णयानुसार मिति २०८०/४/२१ सम्म देहायको योग्यता हासिल गरेका र (यस अघि दरखास्त दिएका व्यक्तिहरुले पुन: दरखास्त दिन नपर्ने गरी) तपशिल बमोजिमका रिक्त पदहरुमा पुन: दरखास्त आव्हान गरिएको छ ।

दरखास्त फाराम कम्पनीको वेभसाईट www.kathmanduwater.org बाट डाउनलोड गर्न सकिनेछ । दरखास्त फारामको निर्दिष्ट स्थानमा पासपोर्ट साईजको फोटो टाँस गरी आफूले माथि उल्लेखित अवधिभित्र प्राप्त गरेका शैक्षिक योग्यताको प्रमाण पत्रहरु प्रमाणित गरी यो सूचना पुन: प्रकाशित भएको मितिले२१ दिनभित्र कम्पनीको मुख्य कार्यालय, त्रिपुरेश्वर स्थित मानव श्रोत विकास शाखामा बुझाउन आव्हान गरिएको छ । परीक्षा दस्तुर यस कम्पनीको नबिल बैक लिमिटेडको चल्ती खाता नं. ०२०१०१७५०१६१६ मा जम्मा गरी दरखास्त साथ दुई प्रति सक्कलै भौचर संलग्न गर्नु पर्नेछ । दरखास्त दिने अन्तिम मितिपछि ७ दिनसम्ममा दोब्बर दस्तुर तिरी दरखास्त दिन सकिनेछ । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट दरखास्त बुझाउन सकिनेछ ।

**तपशिल**

| बिज्ञापन नं. | बिज्ञापन को किसिम | पद | सेवा | समूह | तह | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|---|
| २५/०७९/०८० | आन्तरिक प्रतियोगिता | उप प्रबन्धक | प्राविधिक | सिभिल | ९ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग बिषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण भई सम्बन्धित सेवा समूहको तह ८ मा कम्तीमा चार बर्ष काम गरेको अनुभव । |
| २६/०७९/०८० | खुला | उप प्रबन्धक | प्रशासन | प्रशासन | ९ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि बिषयमा स्नातकोत्तर तह वा सो सरह उतिर्ण भई सम्बन्धित क्षेत्रमा कम्तीमा चार बर्ष काम गरेको अनुभव । |
| २७/०७९/०८० | खुला | उप प्रबन्धक | प्रशासन | लेखा | ९ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्यशास्त्र वा तथ्याङ्कशास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण भई लेखाको क्षेत्रमा कम्तीमा चार बर्ष काम गरेको अनुभव । |
| २८/०७९/०८० | आन्तरिक प्रतियोगिता | सहायक प्रबन्धक | प्राविधिक | सिभिल | ८ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग बिषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण भई सम्बन्धित सेवा समूहको तह ७ मा कम्तीमा चार बर्ष काम गरेको अनुभव । |
| २९/०७९/०८० | आन्तरिक प्रतियोगिता | ईन्जिनियर | प्राविधिक | सिभिल | ७ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग बिषयमा बी.ई. वा सो सरह उत्तीर्ण भई सम्बन्धित सेवा समूहको तह ६ मा कम्तीमा चार बर्ष काम गरेको अनुभव । |
| ३०/०७९/०८० | खुला | ईन्जिनियर | प्राविधिक | सिभिल | ७ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग बिषयमा बी.ई. वा सो सरह उत्तीर्ण । |
| ३१/०७९/०८० | महिला | | | | | |
| ३२/०७९/०८० | आदिबासी जनजाति | | | | | |
| ३३/०७९/०८० | मधेशी | | | | | |
| ३४/०७९/०८० | खुला | कानून अधिकृत | प्रशासन | कानून | ७ | कानूनमा स्नातक तह वा सो सरह उत्तीर्ण |
| ३५/०७९/०८० | खुला | सहायक प्रशासन अधिकृत | प्रशासन | प्रशासन | ६ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ३६/०७९/०८० | महिला | | | | | |
| ३७/०७९/०८० | दलित | | | | | |
| ३८/०७९/०८० | आन्तरिक प्रतियोगिता | सहायक लेखा अधिकृत | प्रशासन | लेखा | ६ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उत्तीर्ण भई सम्बन्धित सेवा समूहका तह ५ मा कम्तिमा चार बर्ष काम गरेको अनुभव । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३९/०७९/०८० | खुला | सहायक लेखा अधिकृत | प्रशासन | लेखा | ६ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ४०/०७९/०८० | महिला | | | | | |
| ४१/०७९/०८० | खुला | ओभरसियर | प्राविधिक | सिभिल | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग बिषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ४२/०७९/०८० | आदिबासी जनजाति | | | | | |
| ४३/०७९/०८० | मधेशी | | | | | |
| ४४/०७९/०८० | खुला | वरिष्ठ प्रशासन सहायक | प्रशासन | प्रशासन | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ४५/०७९/०८० | आदिबासी जनजाति | | | | | |
| ४६/०७९/०८० | खुला | ओभरसियर | प्राविधिक | आर्किटेक | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्ट ईन्जिनियरिङ्ग बिषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ४७/०७९/०८० | खुला | वरिष्ठ लेखा सहायक | प्रशासन | लेखा | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्यशास्त्रमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ४८/०७९/०८० | आदिबासी जनजाति | | | | | |
| ४९/०७९/०८० | खुला | हेभी ईक्वीपमेण्ट ड्राईभर | प्राविधिक | ईलेक्ट्रो मेकानिकल | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी हेभी ईक्वीपमेण्टको सवारी चालक अनुमति पत्र प्राप्त । |
| ५०/०७९/०८० | खुला | कम्प्युटर अपरेटर | प्राविधिक | सूचना प्रविधि | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त । |
| ५१/०७९/०८० | मधेशी | | | | | |

नोट:

१. उमेरको हकमा अधिकृत स्तरको सातौं, आठौं र नवौं तह पदको लागि मिति २०८०/४/२१ गते सम्ममा २१ वर्ष पुरा भै ४० वर्ष ननाघेको, छैठौं तहको लागि २१ बर्ष पूरा भई ३५ बर्ष ननाघेको र सहायक स्तरको लागि १८ वर्ष पूरा भै ३५ वर्ष ननाघेको हुनुपर्नेछ । महिला र अपाङ्गता भएका व्यक्तिको हकमा उक्त मितिसम्ममा ४० बर्ष ननाघेको हुनुपर्नेछ र शैक्षिक योग्यता र अनुभव समेत उक्त अवधिभित्र हासिल गरेको हुनुपर्नेछ ।

२. यस कम्पनीको कर्मचारी प्रशासन विनियमावली, २०६४(दशौं संशोधन सहित) विनियम १८ मा व्यवस्था भए अनुसार परीक्षणकाल हुनेछ ।

३. तलव स्केल र अन्य सुविधा यस कम्पनीको प्रचलित नियमानुसार हुनेछ ।

४. प्रत्येक सेवा, समूह अन्तर्गत खुला र समावेशी प्रतियोगिताका आधारमा लिईने परीक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा लिइने छ ।

५. समावेशी समूहभित्र फाराम भर्ने उम्मेदवारहरुले विज्ञापन अनुसारका प्रत्येक समूहका दरखास्त फारामको पहिलो पाना छुट्टाछुट्टै भर्नु पर्नेछ, तर रोल नम्बर र प्रबेश पत्र भने एउटै मात्र प्रदान गरिनेछ ।

६. उम्मेदबारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने समूहहरुको विवरण निर्धारित ढांचामा अनिवार्य रुपले खुलाउनुपर्नेछ । अन्यथा परीक्षामा समावेश गराईनेछैन ।

७. एकभन्दा बढी समूहमा फाराम भर्ने उम्मेदबारले आफूले पेश गर्ने आवश्यक प्रमाणहरु प्रत्येकको एक/एक प्रति मात्र बुझाए पुग्नेछ ।

८. दरखास्त पेश गर्ने उम्मेदबारहरुले सूचनामा तोकिए बमोजिमको परीक्षा दस्तुर वापतको रकम तोकिएको म्यादभित्र र म्याद नाघेको ७ दिनसम्ममा दोब्बर परीक्षा दस्तुर रकम नविल बैंकमा रहेको चल्ती खाता नं. ०२०१०१७५०१६१६ मा जम्मा गरेको सक्कल भौचर दुई प्रति सहित दरखास्तसाथ पेश गर्नु पर्नेछ । समावेशी तर्फको आवेदन भर्ने उम्मेदवारहरुले प्रत्येक समावेशी समूहमा परीक्षा दस्तुरको ५० प्रतिशत थप रकम बुझाउनु पर्नेछ ।

९. परीक्षा सम्बन्धी कार्यक्रम पछि गोरखापत्रमा प्रकाशित गरिनेछ ।

१०. कार्य गर्नुपर्ने क्षेत्र: काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडको कार्य क्षेत्रभित्र ।

११. समावेशी तर्फका उम्मेदबारहरुले पेश गर्नुपर्ने थप कागजातहरु:

क. आदिबासी/जनजातिको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएका जातिको सूचीको आधारमा दरखास्त स्वीकृत हुनेछ । तर नेपाल आदिबासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ख. दलितको हकमा नेपाल दलित आयोगबाट सूचीकृत भएका जातिको सूचीको आधारमा दरखास्त स्वीकृत हुनेछ । राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ग. मधेशीको हकमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको प्रमाणको आधारमा दरखास्त स्वीकृत हुनेछ । तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानिय निकायको प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

१२. थप जानकारी आवश्यक भएमा कम्पनीको मुख्य कार्यालय मानव श्रोत विकाश शाखामा सर्म्पक राख्न सकिनेछ ।

१३. दरखास्त स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा सुरक्षित हुनेछ ।

१४. दरखास्त दिने उम्मेदवारहरुले दरखास्त फारामको प्रवेश पत्र खण्डमा आफ्नो नागरिकता प्रमाणपत्र नं. र नागरिकता जारी भएको जिल्ला अनिवार्य रुपमा हस्तलिखित गरी उल्लेख गर्नु पर्नेछ ।

सदस्य सचिव
पदपूर्ति समिति

# काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

## कार्य क्षमताको मूल्याङ्कनको आधारमा हुने बढुवाको लागि प्रकाशित सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/४/१) पुन: प्रकाशित मिति २०८१/४/२४

(कम्पनीको Website मा प्रकाशित मिति २०८०/३/३१) पुन: Website मा प्रकाशित मिति २०८१/४/२४

"काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६४ को विनियम ११ मा पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार अन्तर्गतका कानूनी व्यवस्थाको पूर्ण परिपालना गरी लोकसेवा आयोगको नि.नं. २५१ मिति २०८०/०३/२८ मा प्रदान गरिएको सहमतिलाई आधार मानी तत् समयमा उम्मेदवार हुन योग्य रहेका व्यक्तिहरु सहभागी हुन पाउने गरी दरखास्त लिने गरी सूचना प्रकाशन गर्ने समेतका कार्य प्रकृया अघि बढाई आयोगको सो मितिको निर्णय कार्यान्वयन गर्ने गराउने" खानेपानी मन्त्रालयको मिति २०८१/०४/२३ च.नं. ६५ को पत्रबाट राय प्राप्त भएकोले सोहि बमोजिम पदपूर्ति समितिको मिति २०८१/४/२३ को बैठकको निर्णयानुसार मिति २०८०/४/३० सम्म यस कम्पनीको विनियमावलीको विनियम २० मा भएको व्यवस्था बमोजिम योग्यता हासिल गरेका तपशिल बमोजिमका रिक्त पदहरुमा पुन: दरखास्त आव्हान गरिएको छ ।

मिति २०८०/४/३० सम्ममा सम्बन्धित सेवा, समूहको हालको पदमा हासिल गरेको शैक्षिक योग्यता, अनुभव र सेवाकालिन तालिम वापतका प्रमाणपत्रहरुको छायाप्रति स्वयम् प्रमाणित गरी दरखास्त फारामसाथ यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र यस कम्पनीको मानव श्रोत विकास शाखामा पेश गर्नुपर्ने र यस अघि दरखास्त दिएका व्यक्तिहरुले पुन: दरखास्त दिन नपर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ ।

**तपशिल**

| विज्ञापन नं. | पद | सेवा | समूह | तह | पद संख्या |
|---|---|---|---|---|---|
| १/०७९/०८० | उप कार्यकारी अधिकृत | प्राविधिक | प्राविधिक | ११ | १ |
| २/०७९/०८० | उप कार्यकारी अधिकृत | प्रशासन | प्रशासन | ११ | १ |
| ३/०७९/०८० | प्रबन्धक | प्राविधिक | प्राविधिक | १० | ७ |
| ४/०७९/०८० | प्रबन्धक | प्रशासन | प्रशासन | १० | १ |
| ५/०७९/०८० | उपप्रबन्धक | प्राविधिक | सिभिल | ९ | ४ |
| ६/०७९/०८० | उपप्रबन्धक | प्राविधिक | ईलेक्ट्रो मेकानिकल | ९ | १ |
| ७/०७९/०८० | उपप्रबन्धक | प्रशासन | प्रशासन | ९ | २ |
| ८/०७९/०८० | उपप्रबन्धक | प्रशासन | लेखा | ९ | २ |
| ९/०७९/०८० | सहायक प्रबन्धक | प्राविधिक | सिभिल | ८ | ४ |
| १०/०७९/०८० | इन्जिनियर | प्राविधिक | सिभिल | ७ | २ |
| ११/०७९/०८० | प्रशासन अधिकृत | प्रशासन | प्रशासन | ७ | १ |
| १२/०७९/०८० | लेखा अधिकृत | प्रशासन | लेखा | ७ | १ |
| १३/०७९/०८० | सहायक प्रशासन अधिकृत | प्रशासन | प्रशासन | ६ | २ |
| १४/०७९/०८० | सहायक प्लाण्ट अधिकृत | प्राविधिक | गुणस्तर | ६ | २ |
| १५/०७९/०८० | सहायक प्राविधिक अधिकृत | प्राविधिक | गुणस्तर | ६ | १ |
| १६/०७९/०८० | सहायक प्राविधिक अधिकृत | प्राविधिक | सिभिल | ६ | २ |
| १७/०७९/०८० | सहायक प्राविधिक अधिकृत | प्राविधिक | ईलेक्ट्रो मेकानिकल | ६ | ३ |
| १८/०७९/०८० | सहायक कम्प्यूटर अधिकृत | प्राविधिक | सूचना प्रविधि | ६ | १ |
| १९/०७९/०८० | सुपरभाईजर | प्राविधिक | सिभिल | ५ | ७ |
| २०/०७९/०८० | सुपरभाईजर | प्राविधिक | ईलेक्ट्रो मेकानिकल | ५ | ३ |
| २१/०७९/०८० | वरिष्ठ प्रशासन सहायक | प्रशासन | प्रशासन | ५ | ३ |
| २२/०७९/०८० | वरिष्ठ लेखा सहायक | प्रशासन | लेखा | ५ | ३ |
| २३/०७९/०८० | वरिष्ठ ल्याब टेक्निसियन | प्राविधिक | गुणस्तर | ५ | १ |
| २४/०७९/०८० | हेभि इक्युप्मेण्ट ड्राइभर | प्राविधिक | ईलेक्ट्रो मेकानिकल | ५ | २ |

सदस्य सचिव

पदपूर्ति समिति